# शिवपुरी गाउँपालिका

**शेरावगर, नुवाकोट**

# स्थानीय राजपत्र

| खण्डः ७ | संख्याः २ | मितिः २०८०/०३/०६ |
|---|---|---|

## भाग – २

**शिवपुरी गाउँपालिकामा अनुदान राहत दिने सम्बन्धमा व्यवस्थापन गर्न शिवपुरी गाउँपालिकाको गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको नियमावली बनाएको हुनाले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।**

# शिवपुरी गाउँपालिकाबाट अनुदान/राहत दिने सम्बन्धमा व्यवस्थापन गर्न बनेको नियमावली २०८०

## प्रस्तावना :

शिवपुरी गाउँपालिकाबाट अनुदान राहत दिने सम्बन्धमा व्यवस्थापन गर्न बनेको ऐन २०८० को दफा १० दिएको अधिकार प्रयोग गरी स्थानीय सरकारलाई प्रदान गरेको अधिकार बमोजिम शिवपुरी गाउँपालिकाले यो नियमावली बनाई जारी गरेकोछ ।

## परिच्छेद – १
## संक्षिप्त नाम र परिभाषा

**१.संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस नियमावलकिो नाम "शिवपुरी गाउँपालिकाबाट अनुदान/राहत दिने सम्बन्धमा व्यवस्थापन गर्न बनेको नियमावली २०८०" रहेकोछ ।

(२) यो नियमावली शिवपुरी गाउँकार्यपालिकाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन गरेको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अध्यक्ष" भन्नाले शिवपुरी गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(ख) "कार्यपालिका" भन्नाले शिवपुरी गाउँपालिकाको गाउँकार्यपालिका सम्झनुपर्छ ।

(ग) "गाउँपालिका" भन्नाले शिवपुरी गाउँपालिका शेराबगर , नुवाकोट सम्झनुपर्छ ।

(घ) "गाउँसभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा सम्झनुपर्छ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले शिवपुरी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(च) "उपाध्यक्ष" भन्नाले शिवपुरी गाउँपालिकाका उपाध्यक्ष सम्झनुपर्छ ।

(छ) "विषयगत शाखा" भन्नाले कार्यपालिका अन्तर्गतको विषयशाखा, उपशाखा, कार्यालय वा एकाई सम्झनु पर्छ । यस शब्दले संविधान बमोजिम गाउँपालिकालाई तोकिएको कार्य सम्पादन गर्नको लागि गाउँकार्यपालिका अन्तर्गत रहने शिक्षा, स्वास्थ्य, कृषि, पशुविकास जस्ता विषय क्षेत्रगत कार्यालय वा एकाईलाई समेत सम्झनुपर्छ ।

(ज) "असक्त घायल" भन्नाले दुर्घटनामा परी हिँडडुल गर्न नसक्ने गरी अङ्ग भङ्ग भएको व्यक्ति सम्झनुपर्छ ।

(झ) "विषयगत क्षेत्र" भन्नाले २ (छ) बमोजिमका क्षेत्र सम्झनुपर्छ ।

**३. प्राकृतिक विपद् वा गैर विपद्को कारण उत्पन्न हुने मानवीय वा भौतिक क्षतिको लागि दिइने राहत सम्बन्धी व्यवस्था** :

(१) प्राकृतिक विपद् वा गैर प्राकृतिक विपद्का कारण शिवपुरी गाउँपालिकाका नागरिकको मृत्यु भई ऐनको दफा ३ को उपदफा १ ,२ बमोजिमको निवेदन दिएमा सो प्राकृतिक विपद् वा गैर प्राकृतिक विपद्को कारण मृत्यु भएमा नजिकको हकदारलाई रु ५०,०००/- राहत वा आर्थिक सहायता गाउँपालिकाबाट दिइने छ ।

(२) उपनियम १ बमोजिमको कारण अशक्त वा घायल भएको व्यक्ति भएमा निजको नजिकको हकदारलाई रु.१५,०००/- राहत वा आर्थिक सहायता गाउँपालिकाबाट दिइने छ ।

(३) उपनियम १, २ बमोजिमको कारण मृत्यु वा अशक्त वा घायल भएको व्यक्ति शिवपुरी गाउँपालिका क्षेत्रभित्र भएको प्राकृतिक विपद् वा गैर प्राकृतिक विपद्लाई मात्र राहत वा आर्थिक सहायता दिइनेछ । शिवपुरी गाउँपालिका क्षेत्र बाहिर वा विदेशमा भएको मृत्यु वा अशक्त घायललाई राहत वा आर्थिक सहयोग उपलब्ध हुनेछैन ।

**४. प्राकृतिक विपद् वा गैर प्राकृतिक विपद्का कारण घर पालुवा जनावरको मृत्यु वा भौतिक क्षति भएमा दिइने राहत :**

(१) प्राकृतिक विपद् वा गैर प्राकृतिक विपद्का कारण घरपालुवा जनावरको मृत्यु भएमा सो विपद्बाट प्रभावित व्यक्तिले ऐनको दफा ४ को उपदफा १ बमोजिम क्षति भएको २२ दिन भित्र निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन सहित प्रहरी मुचुल्का प्राप्त भएमा लैना गाई, लैना भैंसी वा लैना चौंरी प्राकृतिक वा गैर प्राकृतिक विपद्को कारणले मरेमा एक मृतक पशुको लैना भैंसी वा चौंरी भएमा रु.१५,०००/- र लैना गाई भएमा रु.१०,०००/- का दरले हुन आउने रकम विपदबाट प्रभावित हुने पशुपालक व्यक्तिलाई दिइनेछ ।

(३) प्राकृतिक वा गैर प्राकृतिक विपद्को कारणले थारा गाई, भैंसी मरेमा एक मृतक पशुको रु.५,०००/- का दरले हुन आउने रकम विपद्बाट प्रभावित हुने पशुपालक व्यक्तिलाई दिइनेछ ।

(४) प्राकृतिक वा गैर प्राकृतिक विपद्को कारणले सुँगुर, बंगुर, भेडा, च्याङ्ग्रा, खसी, बाख्रा मरेमा एक मृतक पशुको रु.२,०००/- का दरले हुन आउने रकम विपद्बाट प्रभावित हुने पशुपालक व्यक्तिलाई दिइनेछ ।

(५) प्राकृतिक वा गैर प्राकृतिक विपद्को कारणले भौतिक क्षति भएमा क्षतिको विवरण र प्रहरी मुचुल्का सहित विपद्बाट प्रभावित व्यक्तिले क्षति भएको २२ दिन भित्र सम्बन्धित वडाको सिफारिस सम्लग्न राखी गाउँपालिकामा निवेदन दिनु पर्नेछ ।

(६) उपनियम ५ बमोजिम गाउँपालिकामा निवेदन प्राप्त भएपछि क्षति भएको बिगोको ५ (पाँच) प्रतिशतले हुने रकम गाउँपालिकाबाट आर्थिक सहयोग प्राप्त हुनेछ । तर अधिकतम रु.२०,००,०००/- सम्म मात्र बिगो भएको भौतिक क्षतिको आर्थिक सहायता दिइनेछ ।

**५. गम्भीर प्राकृतिक रोग लागेमा दिइने राहत वा आर्थिक सहायता :**

(१) ऐनको दफा ५ को उपदफा (१) बमोजिमको गम्भीर प्रकृतिको रोग लागेमा शिवपुरी गाउँपालिका बासीलाई एक पटक रु.२५,०००/- रोगले पिडीत व्यक्तिलाई आर्थिक सहायता दिइनेछ ।

(२) उपनियम (१) बमोजिमको आर्थिक सहायता पाउन पिडीत पक्षले चिकित्सकको प्रेस्क्रिप्सन वडा कार्यालयको सिफारिस सहित निवेदन दिएमा ७ दिनभित्र आर्थिक सहायता दिइनेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि शिवपुरी गाउँपालिकाबाट विवाह गरी अन्य पालिकामा गएकी महिलाको हकमा उपनियम (१) बमोजिमको आर्थिक सहायता दिइने छैन तर पतिसँग सम्बन्ध विच्छेद भई माइत बसेकी महिला र उनको साथमा आएका छोराछोरीको हकमा पिडीत मानी आर्थिक सहायता दिइनेछ ।

**६. सामुदायिक विद्यालय वा कलेज वा विषयगत क्षेत्रमा अनुदान दिने सम्बन्धी व्यवस्था :**

(१) विद्यार्थी अनुपातमा शिक्षक सङ्ख्या कम भएका सामुदायिक विद्यालय र सामुदायिक कलेजलाई शिवपुरी गाउँपालिकाले अनुदान दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम गाउँपालिकाबाट दिने र अन्य सबै किसिमको अनुदानको लागि स्थलगत अनुगमन गरी कार्यपालिका समक्ष सिफारिस पेस गर्न देहाय बमोजिमको अनुदान सिफारिस समिति रहनेछ ।

(क) गाउँपालिका अध्यक्ष - संयोजक
(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(घ) सम्बन्धित वडाका वडाध्यक्ष - सदस्य
(ङ) विषयगत शाखाका प्रमुख - सदस्य सचिव

(३) उपनियम (२) बमोजिमको समितिको बैठकमा आवश्यकता अनुसार २ जनासम्म सल्लाहकार आमन्त्रण गर्न सकिनेछ ।

(४) दरबन्दी थप गर्नुपर्ने विषयमा अनुदान दिनुपर्ने भए थप गर्नुपर्ने दरबन्दी यकिन गरी सिफारिस गर्नु पर्नेछ ।

(५) उपनियम (२) बमोजिम गठित अनुदान सिफारिस समितिले जुन विषयमा अनुदान दिन सिफारिस गरेको हो सोही विषयमा विषयान्तर नहुने गरी शिक्षण संस्थाले अनुदानको रकम खर्च गर्नु पर्नेछ ।

(६) अनुदान प्राप्त विद्यालय वा शिक्षण संस्थाले अनुदानको रकम तोकिएको क्षेत्रमा खर्च गरी सो को प्रतिवेदन गाउँपालिकामा पेस गर्नु पर्नेछ ।

(७) अनुदानको रकम निजी स्रोतबाट तलब भत्ता खाने शिक्षक र बालशिक्षकको तलब भत्तामा खर्च गर्नु पर्नेछ । दरबन्दीमा रहेका शिक्षकले अनुदानको रकमबाट तोकिएको तलब स्केल र भत्ता भन्दा बढी आर्थिक सुविधा लिन पाउने छैनन् ।

(८) उपनियम (७) बमोजिमको शीर्षकमा भएको खर्चको बिल भरपाई प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट प्रमाणित गरी प्रत्येक वर्षको ज्येष्ठ १० गते भित्र आषाढ मसान्त सम्मको खर्चको समेत प्रक्षेपण गरी शिवपुरी गाउँपालिकामा पेस गर्नु पर्नेछ । आषाढ मसान्त सम्ममा खर्च हुन नसकेको अनुदानको रकम गाउँपालिकाको सञ्चित कोषमा फिर्ता गर्नु पर्नेछ । अन्यथा सो अनुदानको रकम दिइने छैन ।

(९) स्वास्थ्य संस्था, कृषि र पशुविकास जस्ता विषयगत कार्यालय वा एकाई र अन्य सामाजिक संघ संस्थालाई नियम (७) को उपनियम (२) बमोजिमको अनुदान सिफारिस समितिको सिफारिसमा गाउँपालिकाले अनुदान दिनेछ ।

**७. विद्यार्थी सङ्ख्या उत्साहजनक भएका सामुदायिक विद्यालय वा सामुदायिक कलेजको नाममा नजिकको वाणिज्य वैङ्कमा हुने शैक्षिक अक्षयकोष १० (दश) वर्षसम्मको लागि कायम रहने सम्बन्धी व्यवस्था :**

(१) नियम ७ बमोजिम स्थापना गरिएको अक्षय कोषको अवधि थप गर्न सकिनेछ ।

(२) नियम ७ बमोजिम स्थापना गरिएको अक्षयकोषको लागि निर्धारित रकम वाणिज्य वैङ्कको मुद्धति खातामा १० (दश) वर्ष सम्मको लागि रहनेछ ।

(३) उपनियम (२) बमोजिमको अक्षयकोषको ब्याजबाट प्राप्त रकम सम्बन्धित शिक्षण संस्थाको खातामा वैङ्कबाट निकासा जानेछ ।

(४) नियम ७ बमोजिम स्थापना गरिएको अक्षय कोषको अवधि पूरा भएपछि अक्षयकोषको म्याद थप गर्ने वा विघटन गर्ने अधिकार शिवपुरी गाउँ

कार्यपालिकालाई हुनेछ । शैक्षिक अक्षयकोष विघटन भएमा सो कोषमा भएको मुद्धति खाताको रकम गाउँपालिकाको सञ्चित कोषमा जम्मा हुनेछ ।

(५) अक्षयकोष सञ्चालनको लागि स्थापना हुने मुद्धति खाता गाउँपालिकाको अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिकाको लेखा प्रमुख र शिक्षण संस्थाको प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(६) अक्षयकोष सञ्चालनको लागि गाउँपालिका, शिक्षण संस्था र वैङ्कको बीच त्रिपक्षीय सम्झौता हुनेछ ।

**८. अनुदान सम्बन्धी अन्य व्यवस्था** :

(१) कृषि, भेटनरी सम्बन्धी फर्म वा सहकारी संस्थालाई नियम (७) को उपनियम (२) बमोजिमको अनुदान सिफारिस समितिको सिफारिसमा अनुदान दिइनेछ ।

(२) यो नियमावली कार्यपालिकाबाट स्वीकृत भई अध्यक्षबाट प्रमाणिकरण भएको मिति देखि लागू हुनेछ ।

**आज्ञाले**

**वसन्त कार्की**

**प्रमुख प्रशासकीय अधिकृत**